**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 01.09.2025

## NARI 2025 – गान्तोक महिलाहरूका लागि पाँचौ शहर

राष्ट्रीय महिला आयोग (NCW) द्वारा जारी गरिएको राष्ट्रिय वार्षिक प्रतिवेदन र महिला सुरक्षा सूचकाँक (NARI) 2025 मा गान्तोकलाई भारतकी महिलाहरूका लागि पाँचौ सुरक्षित शहरको रूपमा स्थान दिइएकोछ।

शहरले लगभग 70.4 प्रतिशतको समग्र सुरक्षा स्कोर प्राप्त गरेकोछ जुन राष्ट्रीय बेन्चमार्क 65 प्रतिशत भन्दा माथि छ।

NARI को प्रतिवेदन एक राष्ट्रव्यापी सुरक्षा सूचकाँक हो जसले 31 शहरहरूमा 12 हजार 770 महिलाहरूको सर्वेक्षण गरेकोछ।

पूर्वधार, उत्पीड़न घटना र रिपोर्टिङ , कार्यस्थल सुरक्षा अधिकारीहरूमा विश्वास र दिन बनाम रात सुरक्षा धारणाको आधारमा सुरक्षा मूल्याँकन गर्दै सो सर्वेक्षण गरिएको हो।

यो वर्ष पूर्वोत्तरले बलियो प्रदर्शन गरेकोछ जसमा नागाल्याण्डको राजधानी कोहिमा पहिलो स्थानमा छ भने मिजोरामको राजधानी ऐजवाल चौथो स्थानमा अनि सिक्किमको राजधानी गान्तोक पाँचौं स्थानमा छ।

## समाज कल्याण विभाग सिक्किम

सिक्किम सरकारको समाज कल्याण विभागले भारत सरकारको आदिवासी मामिला मन्त्रालयको उत्तरदायी शासन कार्यक्रम आदि कर्मयोगी अभियान अन्तर्गत राज्य प्रक्रिया प्रयागशाला SPC को उद्धाटन समारोह आज गान्तोकको एक स्थानीय होटलमा आयोजना गरेको थियो।

कार्यक्रममा समाज कल्याण विभागकी सचिव सारिका प्रदान प्रमुख अतिथिको रूपमा अस्थित थिइन्।

## RBI गान्तोक- खेलेगा देश, खिलेगा देश

राष्ट्रिय खेल दिवस 2025 को उपलक्ष्यमा भारतीय रिजर्भ ब्याङ्क (RBI) गान्तोकले खेल विभाग, खेल तथा युवा मामिला मन्त्रालय  भारत सरकारबाट प्राप्त सूचना अनुरूप 29 देखि 31 अगस्त 2025 सम्म धेरै गतिविधिहरूको आयोजना गर्यो।

कार्यक्रमको समापन Sunday on cycle का साथ भयो जसमा धेरै कर्मचारी सदस्यहरूले भाग लिए र गान्तोकको Zero point मा cyling गरे।

**त्रिलोक सुब्बा- स्वर्ण पदक**

आठौं Dan  Black  Belt ग्रान्ड मास्टर त्रिलोक सुब्बाले ओडिशाको कटकमा हिजो भएको सिनियर राष्ट्रीय Taekwondo  Championship  को पहिलो दिन सिक्किमका लागि स्वर्ण पदक जीते।

सुब्बाले महाराष्ट्र, पश्चिम बंगाल, उड़ीसा , अरूणआचल प्रदेश, कर्नाटक, उत्तरप्रदेश, केरल तमिनाडका खेलाड़ीहरूलाई  पराजित गर्दै 60 वर्ष मुनिको वर्गमा स्वर्ण जीते।

सिक्किमका मुख्यमन्त्री प्रेम- सिंह तामाङको सम्पूर्ण प्रायोजन र च्याम्पियनशीपमा खेलाड़ीहरूलाई समर्थन दिनु व्यक्तिगत भ्रमण गरेकोमा त्रिलोक सुब्बाले आभार जनाए।

**विशेष ओलम्पिक भारत सिक्किम**

विशेष ओलम्पिक भारत, सिक्किम chapter र सिक्किम सरकारको शिक्षा विभागले सिक्किम राज्यमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त बनाउन ऐतिहासिक सम्झौतापत्रमा हस्ताक्षर गरे। समावेशितालाई बढ़ावा दिने र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्त बनाउने ऐतिहासिक कदममा सिक्किम सरकारको शिक्षा विभागका सचिव ( स्कूल शिक्षा) र विशेष ओलम्पिक भारत, सिक्किम चैप्टरका अध्यक्षले 29 अगस्तका दिन गान्तोकमा समझदारीपत्रमा हस्ताक्षर गरेका थिए।

**नेपाल- प्रदर्शनी**

तीन दिवसीय नेपाल विद्युत, विद्युत र प्रकाश अन्तर्राष्ट्रीय प्रदर्शनी सैयौं आगंतुकहरू विद्युतका उत्साही पेशेवरहरू र अन्य सरोकारवालाहरू भृकुटीमण्डपमा नेटवर्किङ र सम्बद्ध उत्पादनहरूको Sourcing का लागि आई पुगेर समाप्त भयो। इलेक्ट्रॉनिक्स, प्रकाश, विद्युत, ऊर्जा र सम्वद्ध उद्योगहरूमा केन्द्रिय यो एक प्रमुख कार्यक्रम हो। प्रदर्शनीको उदेश्य विद्युत

कार्यक्रम हो। प्रदर्शनीको उदेश्य विद्युत उद्योगमा जोशिलो र उत्साही पेशेवरहरूको लागि एक व्यापक ज्ञान- साझेदारी, नेटवर्किङ र Sourcing मंच सिर्जना गर्नु हो।

यस प्रदर्शनीले नेपाल र छिमेकी देशहरूका विद्युत उद्योगका प्रमुख खेलाड़ीहरूलाई आफ्ना नवीनतम प्रविधिहरू र नवीन समाधानहरू प्रदर्शन गर्ने अवसर प्रदान गर्यो।

**मौसम**

स्थानीय मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार आजको अधिकतम तापमान 25.8 डिग्री सेल्सियस र न्यूनतम तापमान 17.7 डिग्री सेल्सियस रह्यो।

भोलि 02 सेप्टेम्बर सामान्यतह सामान्यतह आकाशमा बादल छाउने अनि फाटफुट वर्षा हुने अथवा मेघ गर्जनका साथ पानी पर्ने सम्भावना छ।

अधिकतम तापमान लगभग 23 डिग्री सेल्सियस अनि न्यूनतम तापमान 16 डिग्री सेल्सियस रहने पूर्वानुमान छ।